# शब्दार्थ सूचि

अगापे : (ग्रीक शब्द) परमेश्वरको जस्तो निश्वार्थी र केवल दिने किसिमको प्रेम.

अगुवाई : डोऱ्याउनु, बाटो देखाउँदै हिँड्नु.

अद्योपान्त : शुरुदेखि अन्त्यसम्म.

अन्यथा : हैन भने, नत्र.

अन्तस्करण : भित्री विवेक.

अनुग्रह : ख्रीष्टको कारण उपलव्ध परमेश्वरको सदासयता, यो पाउने योग्य हामी नभए पनि परमेश्वरले हामीलाई ख्रीष्टमा कुनै किसिमले उपलव्ध गराउनु भएको छ.

अनुसन्धान : सोधखोज.

अभौतिक : निश्चित आकार नभएको, आत्मिक.

अर्पण : चढाउनु, समर्पण गर्नु.

आश्वस्तता : कुनै कुराका बारेमा निश्चित हुनु र त्यसमा भरोसा राख्नु.

उद्धार वा मुक्ति : छुटकारा वा बचावट. परमेश्वरको शर्त अनुसार पश्चाताप र येशू ख्रीष्टमा विश्वासद्वारा व्यक्तिलाई परमेश्वरबाट तत्काल प्राप्त हुने आत्मिक र अनन्त छुटकारालाई यो शब्दले देखाउँछ.

उद्धारकता वा मुक्तिदाता : छुटकारा दिनुहुने वा जोगाउने

क्रिश्चियनहरु : कुनै अर्थमा सन्तहरु, विश्वासीहरु र ख्रीष्टका चेलाहरु

कैसर : रोमी सम्राटलाई दिइने उपाधि.

चेला : एउटा चेला, कसैको पछि लाग्ने व्यक्ति. तिनीहरु आफूले पछ्याएको व्यक्तिबाट सिक्दछन्. उसको शिक्षाहरुको पालन गर्दछन् र जीवनमा लागू गर्दछन्.

चंगाई : रोगी बिरामीबाट निको हुनु.

छनौट : छान्नु, रोज्नु, चयन गर्नु.

छुटकारा : कुनै बन्धनबाट, ऋणबाट मुक्त हुनु (खासगरी एउटा दासलाई उसको मालिकबाट किनेर स्वतन्त्र छोडिदिनु).

दृढ विश्वास : स्वीकारोक्ति, हामी पापी हौं परमेश्वरबाट अलग छौं त्यसकारण हामी दोषी छौं भनेर गरिने स्वीकारोक्ति पछि येशू ख्रीष्टमा राखिएको विश्वास.

दोषी : गल्ती गर्ने व्यक्ति.

धार्मिकता : सही र ठीक हुने स्वभाव वा चरित्र.

निर्देशन : काम गर्न लगाउनु, अह्राउनु.

निर्दोष साबित : परमेश्वरले हामीलाई ख्रीष्टद्वारा यसरी हेर्नु (देख्नु) भएको छ मानों हामीले पहिला कहिल्यै पाप गरेका थिएनौं.

निर्धारण : निश्चित गर्नु, तोक्नु.

नियति : भाग्य, भविष्य.

पश्चाताप : १८० डिग्रीमा फनक्क फर्कनु, अर्कै मनको हुनु.

प्रभाव : असर.

प्रार्थना : परमेश्वरसँग कुराकानी गर्नु, उहाँको कुरा सुन्नु, विन्ती गर्नु.

पापमय स्वभाव : यो हाम्रो स्वभाव हो जुन हरबखत पाप गर्न प्रबृत्त हुन्छ. हामी क्रिश्चियन नभएसम्म यसमाथि हाम्रो वास्तविक नियन्त्रण हुँदैन.

पाण्डुलिपी : हातले लेखेको.

पीडा : दु:ख, कष्ट.

पुनर्स्थापित : फेरि स्थापना भएको, फेरि बनाइएको.

बचाइनु : भित्र डुब्नु वा केही कुराले छोप्नु, ढाक्नु.

बप्तिश्मा : परमेश्वरको राज्यमा नयाँगरी जन्मनु वा एउटा साँचो क्रिश्चियन हुनु.

बाउन्ने : नबढेको, बामपुड्के.

बिरानो : नचिनेको, अनौठो.

ब्रम्हाण्ड : सारा सृष्टि, (जगत, विश्व, आकाश र यसमा भएका सबैथोक)

मनन : गहिरो बिचार गर्नु, सोच्नु.

मण्डली : शरीर वा ख्रीष्टको शरीर. यो शव्दले मण्डली भवनको सट्टा विश्वासीहरुको झुण्ड वा समुदायलाई उल्लेख गर्दछ.

वकिल : हामी सँगसँगै आउने, हाम्रो तर्फबाट बोल्ने र खाँचो परेको अवस्थामा हामीलाई मदत गर्ने व्यक्ति.

वचन : परमेश्वरको वचन. साधारणतया यसलाई धर्मशास्त्र पनि भनिन्छ. यसले परमेश्वरले बोल्नुभएको वचनलाई देखाउँछ.

विश्वास : हामीले देखेका र अनुभव गरेका कुराहरुमाथि नभएर परमेश्वर र उहाँको वचनमाथिको विश्वास.

शैतान : शत्रु, परमेश्वर र उहाँको सृष्टिको विरोधी.

सर्वोच्च : सबैभन्दा उच्च, सबैभन्दा माथिको

सामना : भेटनु, जम्काभेट हुनु, संघर्ष गर्न तयार हुनु.

सु-समाचार : असल समाचार, सन्देश.

संगति : केही कुरा सबैसँग वा आफ्नो समूदायकाहरुसंग बाँडनु.

संचालन : चलाउनु.

सृष्टिकर्ता : बनाउने व्यक्ति, रचनाकार.

क्षमता : योग्यता, खुबी.

Following Sovereign World books (UK) are available in Nepali language

## *Explaining series*

1. Explaining the Holy Spirit : by Dr Bob Gordon
2. Explaining the Cross : by Dr Bob Gordon
3. Explaining Faith : by Rev. Colin Urquhart
4. Explaining Spiritual Warfare : by Ed Roebert
5. Explaining Prayer : by Joyce Huggett

## *Foundations*

6. The Foundations of Christian Living : by Dr. Bob Gordon
7. First Steps : by Dr Bob Gordon

## *Sword of the Spirit series*
all by Rev Colin Dye

8. Effective Prayer (# 1 in the series)
9. Knowing the Spirit (2)
10. The Rule of God (3)
11. Living Faith (4)
12. Glory in the Church (5) *(No. 7 to 12 will be available gradually)*

## *Leadership*

13. Understanding Leadership : by Tom Marshall

# पहिलो खुड्किलो

येशूले हामीलाई चेला हुनको लागि बोलाउनु भएको छ. यसको अर्थ हाम्रो जीवनभरि उहाँको पछि लाग्ने हाम्रा प्रतिबद्धतालाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ. एउटा साँचो क्रिश्चियन हुनु भनेको प्रतिबद्धताका प्रार्थना गर्ने तथा मण्डलीमा हाजिरी बजाउनुभन्दा अझ बढी हो.

कुनै पनि नयाँ क्रिश्चियनलाई परमेश्वरसँगसँगै जीवन जिउनमा आवश्यक बृद्धि र परिपक्वताका लागि दस आधारभूत बुँदाहरू तपाई यो 'पहिलो खुड्किलो' पुस्तकमा पाउन सक्नुहुन्छ.

क्रिश्चियन जीवनका बारेमा सोधखोज गर्नेहरू तथा तपाईको विश्वास अरूलाई बाँड्नमा समेत यस पुस्तकले तपाईलाई सहायता गर्नेछ.

स्व. डा. बब गोर्डन 'प्रोक्लेमर्स इन्टरनेशनल' संस्थाका निर्देशक हुनुहुन्थ्यो. यो संस्थाको सेवकाई खासगरी प्रचारकार्य, चेलापन र अगुवापनमा रहेको छ.

श्री डेविड फार्दुली डा. गोर्डनसँग एकदमै नजीकमा रहेर एक सोधकर्ताका रूपमा कार्य गर्नु भएको थियो.

GNP

**Good News Publisher**

P.O. Box 1083
Kathmandu, Nepal